वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४२ २०८३ जेठ १८ गते सोमबार, नेपाल सम्वत् ११४६ June 01, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## कृषक र उपभोक्ताको जमघट

तनहुँको शुक्लागण्डकी नगरपालिकाले सञ्चालनमा ल्याएको आइताबारे कृषि हाटबजारमा कृषक र उपभोक्ताको जमघटले मेलाको रूप लिदै गएको छ । हाटबजार सञ्चालन भएसंगै स्थानीय कृषकहरूले आफ्नो उपज सहजै बिक्री वितरण गर्ने थलो बनेको छ भने उपभोक्ताले पनि सुपथ मूल्यमा ताजा कृषि उपज खरिद गर्न पाएका छन् ।

*तस्विर : भञ्ज्याङ*

# विश्वभर एक अर्ब ३० करोड मानिस सुर्तीजन्य पदार्थको प्रयोगमा

## चार करोड बालबालिका समेत जोखिममा

भञ्ज्याङ समाचारदाता/काठमाडौं

सोमबार विश्व सुर्तीजन्य पदार्थविरूद्धको दिवस विश्वका विभिन्न देशमा चेतनामूलक कार्यक्रमका साथ मनाइएको छ। हरेक वर्ष मे ३१ मा मनाइने यो दिवसको उद्देश्य सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने स्वास्थ्य जोखिम, सुर्ती उद्योगका व्यावसायिक रणनीति, सुर्ती नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले गरिरहेका प्रयास तथा स्वस्थ जीवनयापन र भावी पुस्ताको संरक्षणका लागि आवश्यक कदमबारे चेतना फैलाउनु हो ।

डब्ल्युएचओ सदस्य राष्ट्रहरूले सन् १९८७ मा विश्वव्यापी रूपमा सुर्तीजन्य पदार्थको महामारी तथा यसबाट हुने रोक्न सकिने मृत्यु र रोगप्रति ध्यानाकर्षण गराउन यो दिवसको सुरूआत गरेका हुन्। सन् १९८७ मा विश्व स्वास्थ्य सभाले पारित गरेको प्रस्ताव डब्लुएचए ४०.३८ ले सन् १९८८ अप्रिल ७ लाई 'विश्व धूमपानरहित दिवस'का रूपमा मनाउने निर्णय गरेको थियो। त्यसपछि सन् १९८८ मा पारित प्रस्ताव डब्लुएचए ४२.१९ अनुसार हरेक वर्ष मे ३१ मा विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउन थालिएको हो ।

डब्ल्युएचओका अनुसार हाल विश्वभर करिब ८८१ अर्ब ३० करोड मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गरेका छन् । तीमध्ये अधिकांश निम्न तथा मध्यम आय भएका देशमा बसोबास गर्छन् । पछिल्ला वर्षहरूमा सुर्तीजन्य पदार्थको प्रयोग घट्दै गए पनि अझै विश्वका पाँचमध्ये एक वयस्क कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रयोगमा संलग्न हुने गरेको छ । सुर्तीजन्य पदार्थका कारण हरेक




वर्ष ८० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ, जसमा करिब १२ लाख जनाको मृत्यु निष्क्रिय धूमपानका कारण हुने गरेको छ ।

यस वर्षको दिवसको अवसरमा डब्ल्युएचओले सरकारहरूलाई नयाँ पुस्तालाई सुर्तीजन्य तथा निकोटिनयुक्त उत्पादनको लतबाट जोगाउन विशेष आग्रह गरेको छ। संगठनका अनुसार विश्वभर १३ देखि १५ वर्ष उमेर समूहका कम्तीमा चार करोड बालबालिकाले सुर्तीजन्य पदार्थ प्रयोग गरिरहेका छ भने विद्युतीय चुरोट (ई-सिगरेट) र निकोटिन पाउचको प्रयोग युवा पुस्तामाझ निरन्तर बढिरहेको छ।

डब्ल्युएचओले सुर्ती तथा निकोटिन उत्पादन गर्ने कम्पनीहरूले आफ्ना उत्पादनलाई अझ आकर्षक, प्रयोग गर्न सहज र छोड्न कठिन बनाउने गरी विकास गरिरहेका जनाएको छ । विशेषगरी स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच तथा अन्य निकोटिनजन्य उत्पादनमार्फत तिनले किशोर र युवालाई अम्मली बनाएका संगठनको भनाइ छ ।

डब्ल्युएचओका स्वास्थ्य निर्धारक, प्रवर्द्धन तथा रोकथाम विभागका निर्देशक डा. एटिएन क्रुगले सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष लाखौं मानिसको मृत्यु भइरहे पनि ठूला कम्पनीहरूले आफ्नो व्यापारिक रणनीति परिवर्तन गर्दै नयाँ पुस्तालाई निकोटिनको लतमा फसाउने प्रयास गरिरहेको बताउनुभएको छ । उहाँका अनुसार स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच र अन्य निकोटिनजन्य उत्पादनको आक्रामक बजार विस्तारले युवापुस्तालाई लक्षित गरिरहेको छ ।

निकोटिन अत्यधिक लत लाग्ने र स्वास्थ्यका लागि हानिकारक पदार्थ भएकाले विशेषगरी मस्तिष्क विकासको चरणमा रहेका बालबालिका, किशोर तथा युवाका लागि यसको असर गम्भीर हुनसक्ने डब्लुएचओले जनाएको छ । हाल विश्वभर १० करोडभन्दा बढी मानिसले ई-सिगरेट प्रयोग गर्ने अनुमान गरिएको छ भने किशोर उमेर समूहमा यसको लोकप्रियता तीव्र गतिमा बढिरहेको छ।

डब्ल्युएचआले हालै सार्वजनिक गरेको निकोटिन पाउचसम्बन्धी प्रतिवेदनमा सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिमार्फत यसको व्यापक प्रचारप्रसार भइरहेको उल्लेख गरिएको छ। आकर्षक

बाँकी तेश्रो पेजमा

# भानुमा एआई एक्स-रे शिविर, ३९४ जनाको परीक्षण गर्दा २३ जना सम्भावित क्षयरोगी पहिचान

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिका-३ खहरेस्थित स्वास्थ्य चौकीमा सञ्चालन गरिएको एआई (कृत्रिम बुद्धिमत्ता) प्रविधिमा आधारित छातीको एक्स-रे परीक्षण शिविरबाट २३ जना सम्भावित क्षयरोगी पहिचान भएका छन्।

भानु नगरपालिकाले प्रदेश जनस्वास्थ्य कार्यालय दमौलीको सहकार्य तथा जापान-नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान केन्द्रको प्राविधिक सहयोगमा सञ्चालन गरेको उक्त कार्यक्रममा कुल ३९४ जनाको छातीको एक्स-रे परीक्षण गरिएको थियो ।

परीक्षणका क्रममा २३ जनामा क्षयरोगसँग मिल्दोजुल्दो लक्षण तथा संकेत देखिएपछि उनीहरूलाई थप पुष्टि तथा आवश्यक प्रयोगशाला परीक्षणका लागि प्रादेशिक अस्पताल दमौलीमा रिफर गरिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराईले जानकारी गराए ।

कार्यक्रममा प्रयोग गरिएको एआई प्रविधिले एक्स-रे रिपोर्टको प्रारम्भिक विश्लेषण गरी क्षयरोगको सम्भावित जोखिम भएका व्यक्तिहरूलाई छिटो पहिचान गर्न सहयोग गरेको उनले बताए । उनका अनुसार आधुनिक प्रविधिको प्रयोगले समुदायस्तरमै रोगको प्रारम्भिक स्क्रीनिङलाई प्रभावकारी, छिटो र सहज बनाएको छ ।




भानु नगरपालिकाले नागरिकलाई गुणस्तरीय तथा पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यस्ता प्रवर्द्धनात्मक कार्यक्रमलाई प्राथमिकतामा राखिएको जनाएको छ। नगरपालिकाका प्रतिनिधिहरूले क्षयरोग नियन्त्रण तथा उन्मूलन अभियानलाई प्रभावकारी बनाउन स्थानीय तह, स्वास्थ्य कार्यालय तथा साझेदार संस्थाबीचको

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सुर्तीजन्य पदार्थको बढ्दो प्रयोग

हरेक वर्ष मे ३१ मा विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाइन्छ । यो दिवस कुनै औपचारिकता मात्र होइन, मानव स्वास्थ्य, सामाजिक उत्तरदायित्व र भावी पुस्ताको सुरक्षासँग जोडिएको गम्भीर चेतावनीको दिन पनि हो । सुर्तीजन्य पदार्थका कारण विश्वभर लाखौँ मानिसले ज्यान गुमाइरहेका छन् भने करोडौँ मानिस दीर्घरोगको जोखिममा बाँच्न बाध्य छन् । आधुनिक प्रविधि, चिकित्सा विज्ञान र जनचेतनाको विकास हुँदाहुँदै पनि सुर्ती तथा निकोटिनजन्य पदार्थको प्रयोग पूर्ण रूपमा नियन्त्रण हुन नसक्नु विश्व समुदायका लागि चुनौती बनेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार हरेक वर्ष सुर्तीजन्य पदार्थका कारण ८० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ । यसमध्ये करिब १२ लाख मानिसको मृत्यु निष्क्रिय धूमपानका कारण हुन्छ । अझ चिन्ताको विषय के छ भने अहिलेको सुर्ती उद्योगले आफ्नो व्यापारिक रणनीति परिवर्तन गर्दै किशोर तथा युवालाई लक्षित गर्न थालेको छ । परम्परागत चुरोटको प्रयोग केही घट्दै जाँदा विद्युतीय चुरोट, भेप, निकोटिन पाउच तथा स्वादयुक्त नयाँ उत्पादन बजारमा आक्रामक रूपमा विस्तार गरिएका छन् ।

आजको युवा पुस्तालाई आकर्षित गर्न सुर्ती उद्योगले अपनाइरहेका तरिका अत्यन्त योजनाबद्ध र खतरनाक छन् । सामाजिक सञ्जाल, रंगीन प्याकेजिङ, मिठाईजस्ता स्वाद, फेसन र आधुनिक जीवनशैलीसँग जोडिएका विज्ञापनमार्फत किशोर तथा युवालाई निकोटिनको लतमा फसाउने प्रयास भइरहेको छ । धेरै युवा ई–सिगरेटलाई सामान्य वा कम हानिकारक ठान्छन्, तर वास्तविकता त्यस्तो छैन । निकोटिन अत्यधिक लत लाग्ने पदार्थ हो, जसले विशेषगरी किशोर उमेरमा मस्तिष्क विकासमा नकारात्मक असर पार्छ । यसले मानसिक स्वास्थ्य, स्मरणशक्ति, ध्यान केन्द्रित गर्ने क्षमता तथा व्यवहारमा समेत दीर्घकालीन असर पुर्‍याउन सक्छ । नेपालजस्ता विकासोन्मुख देशमा यो चुनौती अझ गम्भीर छ। यहाँ जनचेतनाको कमी, कमजोर नियमन, खुला बजार र सामाजिक स्वीकृतिका कारण सुर्तीजन्य पदार्थको प्रयोग अझै व्यापक छ । गाउँदेखि शहरसम्म चुरोट, खैनी, गुट्खा, पानमसला तथा अन्य निकोटिनजन्य पदार्थ सहज रूपमा उपलब्ध छन् । विद्यालय तथा कलेज आसपासमा समेत यस्ता वस्तु खुलेआम बिक्री हुनु दुःखद अवस्था हो । कानुनी प्रतिबन्ध भए पनि कार्यान्वयन प्रभावकारी नहुँदा बालबालिका र किशोर उमेर समूह नै यसको प्रयोगतर्फ आकर्षित भइरहेका छन्।

सरकारले सुर्ती नियन्त्रणका लागि कानुन बनाएको छ । सार्वजनिक स्थानमा धूमपान निषेध, सुर्तीजन्य पदार्थको प्याकेटमा चेतावनी सन्देश, विज्ञापनमा रोकलगायतका व्यवस्था सकारात्मक कदम हुन् । तर व्यवहारमा यी नीति पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन् । सार्वजनिक यातायात, होटल, रेष्टुरेन्ट तथा भीडभाड हुने स्थानमा अझै खुलेआम धूमपान भइरहेको देखिन्छ । यसले धूमपान नगर्ने मानिसलाई समेत जोखिममा पारिरहेको छ । अब सुर्ती नियन्त्रणलाई स्वास्थ्य मन्त्रालयको मात्र जिम्मेवारीका रूपमा हेर्नु पर्याप्त हुँदैन । यो विषय शिक्षा, सञ्चार, स्थानीय सरकार, अभिभावक, विद्यालय तथा समुदायसँग प्रत्यक्ष रूपमा जोडिएको छ । विद्यालयस्तरबाटै सुर्तीजन्य पदार्थका असरबारे व्यवहारिक शिक्षा दिन आवश्यक छ । अभिभावकले आफ्ना बालबालिकासँग खुला संवाद गर्नुपर्छ । स्थानीय तहले बजार अनुगमन, जनचेतना कार्यक्रम तथा विद्यालय आसपास सुर्तीजन्य पदार्थ बिक्रीमा कडाइ गर्नुपर्छ । सञ्चारमाध्यमले पनि आकर्षक विज्ञापनभन्दा स्वास्थ्य सचेतनालाई प्राथमिकता दिन आवश्यक छ ।

विश्व स्वास्थ्य संगठनले सरकारहरूलाई स्वादयुक्त निकोटिनजन्य पदार्थमाथि प्रतिबन्ध लगाउन, विज्ञापन तथा प्रायोजन रोक्न र सार्वजनिक स्थानलाई पूर्ण रूपमा धूमपान तथा भेपमुक्त क्षेत्र घोषणा गर्न आग्रह गरेको छ । नेपालले पनि समयमै यस्ता सुझावलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्न सक्नुपर्छ । अन्यथा आजको पुस्ता निकोटिनको नयाँ जालमा फस्दै जाने खतरा बढ्नेछ । सुर्ती उद्योगको व्यापार नाफामा आधारित हुन्छ, तर त्यसको मूल्य समाजले स्वास्थ्य, आर्थिक भार र मानवीय क्षतिका रूपमा चुकाइरहेको छ । एकातिर परिवारले उपचारमा ठूलो रकम खर्च गर्नुपर्छ भने अर्कोतिर देशले उत्पादनशील जनशक्ति गुमाइरहेको छ । क्यान्सर, मुटुरोग, फोक्सोसम्बन्धी रोग तथा अन्य दीर्घरोगको मुख्य कारणमध्ये सुर्तीजन्य पदार्थ एक हो भन्ने तथ्य अब लुकाउन सकिने अवस्था छैन ।

त्यसैले आज आवश्यक कुरा केवल दिवस मनाउनु मात्र होइन, व्यवहार परिवर्तन हो । स्वस्थ जीवनशैलीलाई सामाजिक अभियानका रूपमा अघि बढाउनुपर्छ । युवालाई खेलकुद, सिर्जनात्मक गतिविधि र सकारात्मक जीवनशैलीतर्फ प्रेरित गर्नुपर्छ । सुर्ती तथा निकोटिनजन्य पदार्थमुक्त समाज निर्माण गर्नु सरकार, समुदाय र प्रत्येक नागरिकको साझा जिम्मेवारी हो । विश्व सुर्तीजन्य पदार्थरहित दिवसले दिएको सन्देश स्पष्ट छ– नयाँ पुस्तालाई निकोटिनको लतबाट जोगाउनु आजको सबैभन्दा ठूलो दायित्व हो । स्वस्थ नागरिक बिना समृद्ध समाज सम्भव हुँदैन । त्यसैले अब चेतना मात्र होइन, कडा कार्यान्वयन, जिम्मेवार व्यवहार र सामूहिक प्रतिबद्धताको आवश्यकता छ ।

# असुरक्षित गर्भपतनको जोखिम घटेन

♦ चन्द्रकला भण्डारी

मेचीनगर नगरपालिका–१० की २३ वर्षीया जुनिता (नाम परिवर्तन)ले विर्तामोडस्थित एक निजी स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिनुभयो । उहाँलाई अत्यधिक रक्तस्राव भयो र ज्यान जोखिममा परेपछिमात्र मेची अस्पतालमा भर्ना गरेर उपचार गराउनुपर्‍यो । हाल उहाँका स्वास्थ्यमा सुधार देखिए पनि ६ महिना बितिसक्दा यसको मानसिक र शारीरिक असर कायमै छ । उहाँले भन्नुभयो, "असूचिकृत स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिन नहुने रहेछ ।"

इलाम माङ्सेबुङ गाउँपालिका–१ की २७ वर्षीया शान्ति (नाम परिवर्तन)ले पनि यस्तै नियति भोग्नुपर्‍यो । दुई सन्तानकी आमा उहाँले अस्थायी साधनबारे बुझ्न नपाउँदै पुनः गर्भधारण हुन पुग्यो । आर्थिक विपन्नताका कारण स्थानीय स्वास्थ्य सस्थाको समन्वयमा चिकित्सकको सल्लाह विना नै औषधि सेवन गर्दा उहाँलाई अत्यधिक रक्तस्रावको समस्या भयो । तत्काल दमकस्थित आम्दा अस्पताल पुर्‍याएपछि मात्र उहाँको ज्यान जोगिन सफल भयो । "जहाँ पायो त्यही गएर स्वास्थ्यकर्मीलाई नसोधी औषधि खान नहुने रहेछ", उहाँले सात महिनाअघिको स्मरण गर्दै भन्नुभयो, "जथाभावी औषधि सेवन गर्दा झन्डै ज्यानै गयो ।"

असूचिकृत स्वास्थ्य सस्थामा असुरक्षित गर्भपतन सेवा लिँदा र सेवाका लिने नाममा जथाभावी औषधि सेवन गर्दा महिलाले भोग्नु परेको केही उदाहरण हुन् । चेतनाको अभाव, भौगोलिक विकटता र सामाजिक लाञ्छनाका कारण अझै पनि महिला असुरक्षित गर्भपतनको गम्भीर जोखिम मोल्न बाध्य छन्। नेपालमा सुरक्षित गर्भपतन सेवाले कानुनी मान्यता पाएको २४ वर्ष व्यतीत भइसकेको छ । कोशी प्रदेश स्वास्थ्य मन्त्रालयकी जनस्वास्थ्य अधिकृत आस्था थापाका अनुसार नेपालमा कुल गर्भधारणमध्ये करिब ५३ प्रतिशत गर्भ अनिच्छित हुने गरेका छन्

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका महाशाखाले गरेको अध्ययनअनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन् । अर्थात् ४८ प्रतिशत मात्र सुरक्षित गर्भपतन हुने गर्दछ । औसतमा नेपालमा प्रत्येक दिन दुई जना आमाले अकालमा ज्यान गुमाउँदा करिब पाँच प्रतिशत मातृ मृत्युमध्ये गर्भपतनका जटिलताका कारण हुने गरेको छ । कोशी प्रदेशमा मातृ मृत्युदर अनुपात प्रतिलाख जीवित जन्ममा १५७ रहेको छ। प्रदेशमा पनि औसतमा प्रत्येक दिन दुई महिलाको मातृ मृत्यु हुने गरेको छ । तीमध्ये करिब पाँच प्रतिशत मृत्यु गर्भपतनसम्बन्धी जटिलतासँग जोडिएको मन्त्रालयको तथ्याङ्कले देखाउँछ ।

नेपालको संविधान २०७२ ले महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गरेबमोजिम 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५' नियमावली २०७७ कार्यान्वयनमा छ । तर यसबाट ग्रामीण विपन्न समुदाय लाभान्वित हुन सकेका छैनन् । ऐन २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ । गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ। गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ । यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ । यस्ता अव्यावहारिक प्रावधानलाई तत्काल संशोधन गर्न जरूरी छ ।

### सुरक्षित गर्भपतन सेवा केन्द्र न्यून, पहुँच पनि कम

कोशी प्रदेशमा कुल २६३ सूचीकृत सुरक्षित गर्भपतन सेवा केन्द्र भए पनि भौगोलिक रूपमा यसको वितरण असमान छ । ताप्लेजुङ, सोलुखुम्बु र ओखलढुङ्गा जस्ता हिमाली तथा पहाडी जिल्लामा सेवा केन्द्रको संख्या अत्यन्तै न्यून छ । यसबाहेक तालिम प्राप्त स्वास्थ्यकर्मीको कमी, कर्मचारीको उच्च स्थानान्तरण दर, औषधिको अभाव र दोस्रो ट्राइमेस्टर (१२ हप्तापछिको) सेवा सबै सरकारी अस्पतालमा उपलब्ध हुन नसक्नु प्रमुख प्राविधिक चुनौतीका रूपमा छन् ।

भौगोलिक जटिलतासँगै सामाजिक सोच र लाञ्छनाले पनि सुरक्षित सेवाको उपयोगमा अवरोध सिर्जना गरिरहेको छ। स्वास्थ्य कार्यालय झापाका सूचना अधिकारी विश्वनाथ श्रेष्ठका अनुसार गर्भपतनलाई धेरै समुदायमा अझै नकारात्मक वा पापको दृष्टिकोणले हेरिने हुनाले कतिपय महिलाले गोपनीयताको डर र सामाजिक आलोचनाका कारण सुरक्षित सेवा लिन हिच्किचाउने गरेका छन् । सरकारी स्वास्थ्य संस्थामा यो सेवा पूर्ण रूपमा निःशुल्क उपलब्ध भए पनि त्यसबारे पर्याप्त जानकारी नहुँदा धेरै महिला असुरक्षित, अवैधानिक र महँगो विकल्प रोजेर आफ्नो ज्यान जोखिममा पार्न बाध्य छन् । स्थानीय तहहरूले सुरक्षित गर्भपतन सेवा विस्तारका लागि बजेट विनियोजन गर्न थाल्नु, गैरसरकारी संस्थाको सहभागिता बढ्नु र प्रदेश स्वास्थ्य तालिम केन्द्रमार्फत नियमित रूपमा स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिनु सकारात्मक पक्ष हुन् ।

गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै कोशी प्रदेशमा २० वर्षमुनिका एक हजार ३७४ र सोभन्दा माथिका ३३ हजार १०६ जना गरी कुल ३४ हजार ४८० सेवाग्राहीले सुरक्षित गर्भपतन सेवा लिएका छन् । मन्त्रालयका अनुसार संघीय तथा शिक्षण अस्पतालहरूमा भन्दा निजी अस्पताल र केही साना स्वास्थ्य संस्थाहरूमा गर्भपतन गराउने सेवाग्राहीको चाप बढी देखिएको छ, जसले महिलाहरु सेवाको सहजता र गोपनीयताका लागि साना केन्द्रमा आकर्षित हुने गरेको संकेत गर्छ ।

कोशी स्वास्थ्य निर्देशनालयको आधिकारिक तथ्याङ्क अनुसार कोशी प्रदेशका जिल्लाहरूमध्ये सुनसरीमा ३३, झापामा २७, मोरङमा २५, इलाममा २३ र भोजपुरमा २३, सङ्खुवासभामा २०, तेह्रथुममा १९, उदयपुरमा १८ र खोटाङमा १७ सेवा प्रदायक संस्था सूचीकृत छन् । ओखलढुङ्गामा १६, धनकुटामा १४ र पाँचथरमा १४, सोलुखुम्बुमा १० र ताप्लेजुङमा सबैभन्दा कम चार मात्र सूचीकृत गर्भपतन सेवा केन्द्र छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी श्रेष्ठका अनुसार झापामा विगत तीन वर्षमा सूचीकृत संस्थाबाट १० हजार ४१ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । तीमध्ये २० वर्षमुनिका ६०६ किशोरी छन् । विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा सुरक्षित गर्भपतनका लागि महिलाले शल्यक्रियाभन्दा औषधि सेवनको विधि रूचाएको देखिएको छ। 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो १० हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ। यसैगरी, १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ । १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ । आव २०८०/८१ देखि चालू आव २०८२/८३ सम्ममा औषधि विधि प्रयोग गरेर छ हजार १६ जनाले सुरक्षित गर्भपतन गराएका छन्। सुरक्षित गर्भपतन गराउने कुल १० हजार ४१ जनामध्ये चार हजार २५ जनाले मात्र शल्यक्रिया विधि रोजेका थिए ।




सुरक्षित गर्भपतन सेवालाई कानुनले स्पष्ट रूपमा मुख्यतः महिलाको प्रजनन स्वास्थ्य र अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यतालाई देशभर विस्तार गर्न

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्या |
|---|---|---|---|---|---|
| अरूको सहयोग पाइनेछ। रोकिएका काम बन्न सक्छन्। आर्थिक लाभका अवसरहरु देखापर्नेछन्। | धैर्य र संयम जरूरी छ। पारिवारिक जिम्मेवारी बढ्ने सम्भावना छ। खर्चमा नियन्त्रण आवश्यक छ। | मित्रताको घनिष्ठता बढ्नेछ। सामाजिक काममा प्रशंसा प्राप्त हुनेछ। पढाइ र प्रतियोगितामा मन जानेछ। | कर्म क्षेत्रमा केही उतारचढाव आउन सक्छ। जिम्मेवारी बढ्नेछ, तर मेहनतको उचित फल पाउने सम्भावना छ। | भाग्यवृद्धिको समय छ। नयाँ काम सुरु गर्न उपयुक्त दिन। पारिवारिक मेलमिलाप हुनेछ। मान-प्रतिष्ठा बढ्नेछ। | रोकिएका काममा प्रगति हुनेछ। आफन्तसँग सम्बन्ध मधुर बन्नेछ। आर्थिक पक्ष सुदृढ बन्नेछ। |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| आज मन केही अस्थिर रहन सक्छ। निर्णय गर्दा हतार नगर्नुहोस्। साथीभाइको सहयोगले राहत मिल्नेछ। | कार्यस्थलमा जिम्मेवारी बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पाइनेछ। आर्थिक लाभको सम्भावना छ। | रोकिएका कार्य बन्नेछन्। अध्ययन र यात्रामा सफलता पाइन सक्छ। प्रेम र सम्बन्धमा प्रगाढता बढ्नेछ। | घरेलु विवाद वा मानसिक तनाव बढ्न सक्छ। खर्चमा नियन्त्रण गर्नुहोस्। स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ। | नयाँ योजना बन्न सक्छ। पारिवारिक सहयोगले आत्मबल बढाउनेछ। प्रेम र मित्रतामा खुसी मिल्नेछ। | मान-सम्मान र प्रतिष्ठा बढ्नेछ। स्वास्थ्यमा सुधार का संकेत छन्। शुभचिन्तकको सहयोगले काम सफल हुनेछ। |




मुस्ताङ जिल्ला नेपालको हिमाली क्षेत्रमा अवस्थित एउटा महत्वपूर्ण सांस्कृतिक र धार्मिक केन्द्र हो। यहाँ रहेका छोर्तेनहरु तिब्बती बौद्ध परम्परा, हिमाली सभ्यता र स्थानीय समुदायको ऐतिहासिक पहिचानका महत्वपूर्ण प्रतीक मानिन्छन्। तर पछिल्ला दशकहरूमा संरक्षणको अभाव, जलवायु परिवर्तन, जनसांख्यिक परिवर्तन तथा आधुनिकीकरणका कारण यी सम्पदाहरु क्रमशः जीर्ण र संकटग्रस्त बन्दै गएका छन्।

नेपालको हिमाली भूभागमा अवस्थित मुस्ताङ केवल प्राकृतिक सौन्दर्यका लागि मात्र परिचित छैन, यो तिब्बती बौद्ध संस्कृति र सम्पदाको जीवित संग्रहालय पनि हो। जिल्लाभर फैलिएका गुम्बा,पुराना पर्खाल, तथा छोर्तेनहरूले स्थानीय समुदायको धार्मिक आस्था, सामाजिक इतिहास र सांस्कृतिक निरन्तरताको प्रतिनिधित्व गर्दछन् तर पछिल्ला वर्षहरूमा मुस्ताङका विभिन्न क्षेत्रमा रहेका पुराना छोर्तेनहरु भौतिक रूपमा कमजोर बन्दै गएका छन्। कतिपय संरचनाहरु आंशिक रूपमा क्षतिग्रस्त छन् भने केही पूर्ण रूपमा नष्ट हुने अवस्थामा पुगेका छन्। यस अवस्थाले हिमाली सांस्कृतिक सम्पदाको दिगोपनबारे गम्भीर प्रश्न उठाएको छ।

छोर्तेन (Chorten) संस्कृत भाषाको "स्तूप" शब्दबाट विकसित भएको बौद्ध धार्मिक स्मारक हो। तिब्बती भाषामा "छो" अर्थात् धर्म र "तेन" अर्थात् आधार भन्ने अर्थ लाग्ने भएकाले छोर्तेनलाई धर्मको आधार वा धर्मलाई धारण गर्ने संरचनाका रूपमा बुझिन्छ।बौद्ध दर्शनअनुसार छोर्तेन बुद्धको ज्ञान, करूणा तथा निर्वाणको प्रतीक हो। यसको संरचनाले पाँच तत्व- पृथ्वी, जल, अग्नि, वायु र आकाशको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ। प्रायः छोर्तेनभित्र धार्मिक ग्रन्थ, मन्त्र, अवशेष तथा पवित्र सामग्री राख्ने परम्परा रहेको पाइन्छ। मुस्ताङमा रहेका धेरै छोर्तेनहरु मध्यकालीन तिब्बती प्रभावसँग सम्बन्धित मानिन्छन्। ती संरचनाहरूले नेपाल र तिब्बतबीचको ऐतिहासिक व्यापारिक तथा सांस्कृतिक सम्बन्धको पनि साक्षी प्रस्तुत गर्दछन्।

छोर्तेनहरु मुस्ताङको सांस्कृतिक परिदृश्यका अभिन्न अंग हुन्। स्थानीय समुदायका लागि यी संरचनाहरु केवल धार्मिक स्मारक मात्र होइनन्, सामूहिक पहिचानका आधार पनि हुन्। धार्मिक हिसाबले हेर्दा छोर्तेन लाई प्रार्थना तथा ध्यानको केन्द्रका रूपमा प्रयोग गरिन्छ। पुण्य आर्जन र आध्यात्मिक शुद्धीकरणसँग जोडिन्छ। सांस्कृतिक दृष्टिकोणबाट स्थानीय कला र वास्तुकलाको प्रतिनिधित्व गर्छ। ऐतिहासिक स्मृति र सामुदायिक परम्पराको संरक्षण गर्छ।हिमाली सभ्यताको दृश्य प्रतीकका रूपमा कार्य गर्छ। यसरी छोर्तेनहरूले धार्मिक, सामाजिक र सांस्कृतिक तीनवटै आयामलाई एकसाथ समेटेका छन् ।

मुस्ताङ नेपालका ती क्षेत्रमध्ये एक हो जहाँ जलवायु परिवर्तनका प्रभावहरु स्पष्ट रूपमा देखिन थालेका छन्। तापक्रम वृद्धि, अनियमित वर्षा, हिमपातको स्वरूपमा परिवर्तन तथा तीव्र हावाहुरीले पुराना संरचनाहरूमा प्रत्यक्ष असर पुर्‍याइरहेका छन्। माटो र ढुंगाबाट निर्मित धेरै छोर्तेनहरु वर्षौंदेखिको मौसमी प्रभावका कारण कमजोर बनेका छन्। भित्ताहरु चर्किने, प्लास्टर झर्ने तथा संरचनागत सन्तुलन बिग्रिने समस्या बढ्दो क्रममा छ। धेरै छोर्तेनहरु स्थानीय समुदायको पहलमा निर्माण र संरक्षण भएका हुन्। तर आधुनिक समयमा परम्परागत संरक्षण प्रणाली कमजोर बन्दै गएको छ। तसर्थ छोर्तेन संरक्षणमा कठिनाईहरूमा पर्याप्त सरकारी बजेटको अभाव, प्राविधिक जनशक्तिको कमी, नियमित मर्मतसम्भारको अभाव, संरक्षण नीति कार्यान्वयनमा कमजोरी आदि प्रमुख रहेका छन्।

युवापुस्ता शिक्षा, रोजगारी तथा व्यवसायका लागि शहरी क्षेत्र वा विदेशतर्फ पलायन भइरहेका छन्। फलस्वरूप गाउँमा सांस्कृतिक सम्पदाको हेरचाह गर्ने जनशक्ति घट्दै गएको छ। एक समय सामूहिक श्रमदानद्वारा संरक्षण गरिने संरचनाहरु अहिले बेवास्तामा पर्न थालेका छन्। मुस्ताङका अधिकांश छोर्तेनहरुको ऐतिहासिक विवरण, निर्माणकाल तथा वास्तुकलागत विशेषताहरु व्यवस्थित रूपमा अभिलेखीकरण गरिएको छैन। यसले संरक्षण र पुनर्निर्माण प्रक्रियालाई जटिल बनाएको छ। यो छोर्तेन संरक्षणमा चुनौतीको रूपमा देखापरेको छ।

छोर्तेनहरूको क्षतिले केवल भौतिक सम्पदा मात्र नष्ट गरिरहेको छैन, यसले बहुआयामिक प्रभावहरु पनि सिर्जना गरिरहेको छ। स्थानीय समुदायको ऐतिहासिक स्मृति र सांस्कृतिक पहिचान कमजोर बन्ने जोखिम बढेको छ। धार्मिक अभ्यास तथा परम्परागत आस्थासँग सम्बन्धित स्थलहरु क्रमशः हराउने अवस्थामा पुगेका छन्।मुस्ताङको सांस्कृतिक पर्यटनमा नकारात्मक असर पर्न सक्ने सम्भावना छ। इतिहास, पुरातत्व तथा मानवशास्त्र अध्ययनका महत्वपूर्ण स्रोतहरु नष्ट हुने जोखिम बढेको छ। छोर्तेन संरक्षणका लागि तत्काल व्यापक दस्तावेजीकरण, समुदाय-आधारित संरक्षण, प्राविधिक संरक्षण, जलवायु अनुकूल रणनीति, नीति र बजेट व्यवस्थापनको जरूरी देखिन्छ।

मुस्ताङका छोर्तेनहरु हिमाली सभ्यता, बौद्ध दर्शन तथा स्थानीय समुदायको ऐतिहासिक पहिचानका अमूल्य सम्पदा हुन्। तर संरक्षण अभाव, जलवायु परिवर्तन र सामाजिक परिवर्तनका कारण यी सम्पदाहरु गम्भीर जोखिममा परेका छन्। यदि समयमै प्रभावकारी संरक्षण कार्यक्रम लागू गरिएन भने मुस्ताङले आफ्नो सांस्कृतिक इतिहासका महत्वपूर्ण अध्यायहरु गुमाउन सक्छ। त्यसैले छोर्तेन संरक्षणलाई केवल धार्मिक वा स्थानीय मुद्दाका रूपमा होइन, राष्ट्रिय सांस्कृतिक सम्पदा संरक्षणको प्राथमिक विषयका रूपमा लिन आवश्यक देखिन्छ।

# असुरक्षित गर्भपतनको ...........

सकिएको छैन । असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन पनि सकिएको छैन । सरकारले सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहे पनि अनुगमन पक्ष अत्यन्त फितलो हुँदा अकालमा आमाहरूको मृत्यु रोकिएको छैन । सेवाका बारेमा अनुगमनको समन्वय गर्ने काम सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयलाई रहेको छ । तर हालसम्म यस्तो अनुगनमन न्यून मात्र हुने गर्दछ ।

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय पालिकालाई दिएको छ । तर अझै पनि अधिकांश स्थानीय पालिकाले यो अधिकारलाई जनशक्तिको अभाव देखाउँदै प्रयोग गर्न पन्छिदै आएका छन् ।

सुरक्षित गर्भपतन अपराध होइन, प्रत्येक गर्भवती तथा किशोरीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न सकिएको छैन । असुरक्षित गर्भपतनका कारण मृत्युको घटना सरकारी अभिलेखमा छैन । तथापि सूचीकृत नभएका र निजी स्वास्थ्य संस्थाबाट असुरक्षित गर्भपतन गराउनेहरु जोखिममा पर्दै आएका छन् ।

सुरक्षित गर्भपतन सेवा र कानुन निर्माणको सहजीकरणमा नेपाल परिवार नियोजन संघको पैरवी अभियानको ऐतिहासिक योगदान छ । तत्कालीन प्रतिनिधिसभामा पहिलो पटक गैरसरकारी विधेयका रूपमा 'गर्भ संरक्षण विधेयक'को मस्यौदा प्रस्तुत गराउन संघले नेतृत्व गरेको थियो । संघका मेडिकल शाखा प्रबन्धक डा ओम महर्जनले भन्नुभयो, "गर्भपतन सेवाले कानुनी मान्यता पाएपछि असुरक्षित गर्भपतनका कारण ज्यान गुमाउने जोखिम न्यून हुँदै गएको छ । तर अझै पनि असुरक्षित र गैरकानुनी गर्भपतन गराउनेहरूको संख्या उच्च देखिन्छ । यसलाई न्यून गर्न जरूरी छ । अझै पनि गर्भपतनलाई पूर्ण निअपराधिकरण गर्न सकिएको छैन।"

गर्भपतनलाई पूर्ण निअपराधिकरणलाई बनाउन कानुनलाई समावेशी र लैङ्गिक समावेशी बनाउन संघ र प्रजनन स्वास्थ्य समूहद्वारा पैरवी जारी राखेका छन्। बलत्कार र हाडनाता, अपाङ्गता भएको अवस्थामा अझ पनि २८ हप्ता भन्दा वढीका गर्भहरूलाई निरन्तरता दिएर शिशु जन्माउनु पर्ने कानुनमा व्यवस्थाहरु अझै छन्। यसलाई संशोधन गर्न जरूरी छ ।

हाल संघले आफ्ना २०जिल्ला शाखा मार्फत सुरक्षित गर्भपतन सेवा र सेवा प्रदायकलाई क्षमता अभिवृद्धि तालिम, अपाङ्ग मैत्री सेवा केन्द्र, सेवा शुल्क तिर्न नसक्ने असहाय तथा विपन्न गरिवलाई नि:शुल्क सेवा उपलब्ध गराउँदै आएको छ । यसका लागि नि:शुल्क हेल्प लाइन नम्बर १६६०१४५००० सञ्चालन गरिरहेको छ ।

सरकारी र आधिकारिक स्वास्थ्य संस्थामा जाँदा नाम लेखिने र व्यक्तिगत विवरण खोजिने डरले गोपनीयताका लागि धेरैजसो महिला सूचीकृत नभएका संस्था र योग्यता नपुगेका स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा लिन पुग्ने गरेको पाइएको नेपाल परिवार नियोजन संघ झापा शाखाका प्रमुख कमल सुवेदी बताउनुहुन्छ ।

"लाञ्छनाको त्रासले महिलाहरु गोप्य रूपमा असुरक्षित सेवा दिने ठाउँमा पुग्न सक्छन्", उहाँ भन्नुहुन्छ, "लुकीछिपी गर्भपतन गराएर स्वास्थ्यमा समस्या भएमात्र पछि परामर्श लिन चाहनेहरु धेरै हुन्छन्, हामी उनीहरूको नाम, थर र ठेगाना गोप्य राखिदिन्छौं ।"

सुरक्षित गर्भपतन सेवालाई सामान्य स्वास्थ्य सेवाका रूपमा मात्र नभई महिलाको मानव अधिकार र लैङ्गिक समानताको महत्वपूर्ण कडीका रूपमा बुझ्न आवश्यक छ । महिलाले सुरक्षित, सम्मानजनक र गोपनीय स्वास्थ्य सेवा पाउने वातावरण निर्माण गर्नु राज्यको पहिलो दायित्व हो । विद्यालय तथा समुदायस्तरमा जनचेतना अभिवृद्धि, सामाजिक सोचमा सकारात्मक परिवर्तन र गुणस्तरीय परिवार योजनाको सेवाको पहुँच बढाएर कानुनी अधिकारलाई व्यावहारिक पहुँचमा रूपान्तरण गर्नु नै अहिलेको मुख्य आवश्यकता देखिएको छ । रासस

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com




# विश्वभर एक अर्ब ३० .......

प्याकेजिङ, मिठाईजस्ता स्वाद तथा जीवनशैलीसँग जोडिएका विज्ञापन अभियानमार्फत युवालाई आकर्षित गर्ने रणनीति अपनाइएको प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदनअनुसार विश्वका करिब १६० देशमा निकोटिन पाउचसम्बन्धी स्पष्ट कानुनी तथा नियमनको व्यवस्था छैन । विश्वव्यापी रूपमा यसको बिक्री तीव्र गतिमा बढिरहे पनि पर्याप्त नियमन नहुँदा लाखौं मानिस जोखिममा छन् ।

डब्ल्युएचओले सरकारहरूलाई स्वादयुक्त निकोटिनजन्य उत्पादनमाथि प्रतिबन्ध लगाउन, विज्ञापन, प्रवर्द्धन तथा प्रायोजन रोक्न, सार्वजनिक भित्री स्थानलाई पूर्ण रूपमा धूमपान तथा भेप–मुक्त क्षेत्र घोषणा गर्न तथा कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आग्रह गरेको छ । सुर्ती तथा निकोटिनजन्य पदार्थको बढ्दो प्रयोग नियन्त्रण गर्न नसके भावी पुस्ताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने चेतावनी दिँदै डब्ल्युएचओले स्वस्थ र सुरक्षित समाज निर्माणका लागि सबै पक्षको साझा प्रयासमा जोड दिएको छ । रासस

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**धान रोपाइँका चटारो**
जाजरकोट भेरी नगरपालिका-१ कालेगाउँमा रोपाइँ गर्दै किसानहरू ।
*तस्बिरः हेमन्त केसी/रासस*

# प्रधानमन्त्रीले कुन तथ्य र प्रमाणका आधारमा नेपालले भारतीय भूमि मिचेको बताए ?

**फणीन्द्र नेपाल**/काठमाडौं

प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले नेपालले भारतीय जमिन मिचेको अभिव्यक्ति दिएसँगै आलोचना सुरू भएको छ । प्रधानमन्त्रीजस्तो गरिमामय र जिम्मेवार पदमा बसेको व्यक्तिले संसद्को रोस्टमबाटै 'नेपालले पनि अरुको सीमा मिचेको छ' भन्नु अत्यन्तै गैरजिम्मेवार र लज्जास्पद अभिव्यक्ति भएको सरोकारवालाहरूको भनाइ छ । ऐतिहासिक दस्ताबेज, नक्सा र तथ्यहरूले नेपालको सीमा मिचिएको र मिच्ने काम छिमेकी पक्षबाट भएको देखिन्छ । तर प्रधानमन्त्री जस्तो व्यक्तिले आफ्नो देशको भौगोलिक अखण्डता र सार्वभौमसत्ताको रक्षा गर्नुपर्ने ठाउँमा उल्टै आफ्नै देशलाई दोषी देखाउनुले राष्ट्रिय हितमाथि गम्भीर आघात पुऱ्याएको सरोकारवालाहरूको भनाइ छ ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ नेपालले भारतीय जमिन मिचेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिमा कुनै सत्यता नरहेको जिकिर गरे । 'प्रधानमन्त्रीले आइतबार संसदमा बोलेको मैले पनि सुनेँ', श्रेष्ठले रातोपाटीसँग भने, 'नेपालले भारतको जमिन मिचेको र अतिक्रमण गरेको छैन ।' तराई क्षेत्रमा क्रस होल्डिङ अकुपेसन अर्थात सीमापार जोतकमोत दक्खल भएको कुरालाई प्रधानमन्त्रीले त्यसरी बुझ्न नहुने श्रेष्ठको भनाइ छ । 'दक्खल भनेको सीमा क्षेत्रमा यताकाले उताको केही जमिन प्रयोग गर्ने र उताकाले यताको पनि भोग चलन गरेको अर्थमा बुझ्नुपर्छ । तर त्यसलाई जमिन मिचेको भन्न सकिँदैन', श्रेष्ठको भनाइ छ। उनले त्यसको उदाहरणका रूपमा पर्साको सिरसिया नदी आसपासको अवस्था हेर्न सकिने बताए ।

'सिरसिया नदी बाङ्गोटिङ्गो भएर बग्दा नेपालको भारततर्फ र भारतले नेपालतिरको जमिन भोगचलनको दक्खल भएको छ', श्रेष्ठले भने, 'त्यसलाई मिचिएको भन्न मिल्दैन ।' उनले यसबारेमा परराष्ट्रसचिवका रूपमा शंकरदास बैरागी भएका बेला दक्खलबारे केही छलफल समेत भएको बताए।

त्यस्तै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र नेपाल एमालेले यसबारे सरकारको स्पष्ट धारणा आउनुपर्ने भन्दै तथ्यविना बोलिएको हो भने रेडर्कबाट हटाउन माग गरेका छन् । उनीहरूले यति गम्भीर र संवेदनशील विषयमा सरकारले सत्य तथ्य सार्वजनिक गर्दै संसद् र नेपाली जनतालाई जानकारी गराउनुपर्ने बताएका हुन् । आइतबार प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्री बालेन्द्रले नेपाल भारतको सीमा कूटनीतिक छलफलबाट समाधान गर्ने भन्दै नेपालले पनि भारतीय सीमा मिचेको बताएका थिए । 'म प्रधानमन्त्री भएपछि थाहा पाएको भारतले मात्र होइन नेपालले पनि भारतको धेरै स्थानमा जमिन मिचेको रहेछ', प्रधानमन्त्री शाहले भनेका थिए । त्यसक्रममा उनले सीमा विवादको विषयमा कूटनीतिक माध्यममार्फत समाधान गर्न सरकार प्रतिबद्ध रहेको समेत बताएका थिए। त्यतिमात्रै होइन प्रधानमन्त्री शाहले नेपाल-भारत सीमा विवादमा बेलायतलाई समेत पत्राचार गरिएको बताए । उनले भने, 'यस सम्बन्धी हामीले भारत र चाइनालाई मात्रै नभएर इङ्ल्याण्ड सरकारसँग पनि कुरा गरेका छौं। उहाँहरूले ब्रिटिस इन्डिया छोड्दै गर्दाखेरिको समस्या अहिलेसम्म हाम्रोमा भइरहँदाखेरि यसमा चाहिँ इङ्ल्याण्डले पनि सरोकार राख्नुपर्छ भन्ने हाम्रो मान्यता हो ।'



प्रधानमन्त्री शाहको यही अभिव्यक्तिप्रति आपत्ति जनाउँदै कांग्रेसकी प्रमुख सचेतक वासना थापा र एमालेका भूमिका लिम्बु सुब्बासहित यज्ञबहादुर बोगटी लगायतले प्रष्टता खोजेका हुन् ।

'सम्माननीय प्रधानमन्त्रीले नेपालको तर्फबाट पनि भारतको भूमि मिचिएको रहेछ' भन्नुभयो । कहाँनेर मिचिएको हो यसबारे छिटो भन्दा छिटो अवगत गराइयोस्' कांग्रेस सांसद थापाले भनिन्, 'यो गम्भीर विषय हो । प्रधानमन्त्रीले दुई देशको सीमाबारे बोलेको यो सत्य हो भने राखिनपऱ्यो । यदि यो सही होइन भने रेकर्डबाट हटाइयोस् ।'

त्यस्तै एमाले सांसद भूमिका लिम्बु सुब्बाले प्रधानमन्त्रीले आइतबारको प्रश्नोत्तरका क्रममा नेपालले भारतीय भूमि मिचेको भन्ने अभिव्यक्ति दिएको भन्दै उक्त अभिव्यक्तिले नेपाल भारत सीमासम्बन्धी विषयमा गम्भीर अन्योल पैदा गरेको बताइन् । 'तसर्थ प्रधानमन्त्रीज्यूले उल्लेख गर्नुभएको भारतीय भूमि कुन स्थान, क्षेत्र वा सीमाखण्डसँग सम्बन्धित हो? उक्त भनाइको तथ्यगत आधार र प्रमाण के हुन्?', सांसद सुब्बाले प्रश्न गरिन् । साथै उनले के यो नेपाल सरकारको आधिकारिक धारणा हो? वा व्यक्तिगत अभिव्यक्ति मात्र हो ? भनेर प्रस्ट पार्न आग्रह गरिन् ।

'सीमासम्बन्धी कुनै विवादित विषय भएको भए त्यसको समाधानका लागि सरकारले के कस्ता कूटनीतिक पहल गरिरहेको छ? यस संवेदनशील विषयमा संसद् र नेपाली जनतालाई स्पष्ट र आधिकारिक जानकारी गराउन नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछु', सुब्बाले ध्यानाकर्षण गराइन् । नेकपाका सांसद युवराज दुलालले नेपालले सीमा मिचेको थाहा नभएको भन्दै रेकर्डबाट हटाउन माग गरे । 'हाम्रो राष्ट्रिय ज्ञानमा नेपालले कतै सीमा मिचेको विषय उल्लेख छैन । अतः यो कूटनैतिक संवेदनशीलताको सवाल समेत भएकाले अभिव्यक्ति रेकर्डबाट हटाउन माग गर्दछु', दुलालको माग थियो । अर्का नेकपाका सांसद रमेश मल्लले प्रधानमन्त्री शाहले मुलुकको राष्ट्रिय अखण्डताका मूलभूत सिद्धान्तमा आँच आउने अभिव्यक्ति दिएको त्यसलाई सामान्य मान्न नसकिने बताए।

'जिम्मेवार व्यक्तिले सदनबाट जे बोल्नुभएको छ यो सामान्य विषय होइन', मल्लले भने, 'उहाँ (प्रधानमन्त्री)ले इन्फरमल कुराकानीमा राखेका विषयजस्तो सम्झिएजस्तो छ तर यो कुरा धेरै नै गभीर छ ।' मल्लले कुनै पनि मुलुकका सरकार प्रमुख वा राष्ट्र प्रमुखले मञ्चमा बसेर हामीले फलानो देशको भूमि मिचेका छौ भनेर भन्छन् भन्ने आफूले विश्वास नगर्ने बताए ।

'प्रधानमन्त्रीजीको यो अभिव्यक्तिलाई करेक्सन गर्नुपर्छ र रेकर्डबाट हटाउनुपर्छ', मल्लको माग थियो । एमाले प्रचार विभाग प्रमुख निरज आचार्यले प्रधानमन्त्रीजस्तो गरिमामय र जिम्मेवार पदमा बसेको व्यक्तिको तथ्यहीन भनाइले सीमा सुरक्षामा अहोरात्र खटिएका सुरक्षाकर्मी, ऐतिहासिक प्रमाण संकलन गर्ने विज्ञहरु र आम देशभक्त नेपाली जनताको भावनाको अपमान गरेको बताए ।

'राष्ट्रिय स्वाधीनता र सिमाना जस्तो संवेदनशील विषयमा राज्यको प्रमुखबाटै यस किसिमको अपरिपक्व र भ्रमपूर्ण धारणा आउनु राष्ट्रिय आत्मसमर्पणवादको पराकाष्ठा हो', आचार्यले भने, 'सरकारले तुरून्तै यो भनाइ सच्याउँदै संसद् र आम जनतासामु माफी माग्नुपर्छ र देशको हित अनुकूल स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ । राष्ट्रियताको सवालमा कुनै पनि सम्झौता वा अस्पष्टता किमार्थ स्वीकार्य छैन ।' रातोपाटीबाट

## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

प्रधानमन्त्री चिप्लिनुभन्दा पनि अब त्यसलाई पुष्टि गर्न भारतमात्रै होइन, हाम्रै नेपालीहरु पनि कम्मर कसेर लाग्ने डर ठूलो छ ! लाखौं नेपालीले भारतीय पत्रपत्रिकामा गरिएका दाबी र समाचार शेयर गर्दै नेपालले भारतको सीमा मिचेको कुरा सत्य हो भन्ने साबित गर्ने सम्भावना छ । जति ठूलो स्वर, त्यति ठूलो सत्य बन्छ । प्रधानमन्त्रीलाई सही साबित गर्ने होडमा अर्को गल्ती नगरौं !

सत्य के हो भने प्रधानमन्त्रीबाट सार्वभौम सदनमा दर्ज भएको त्यो स्वीकारोक्ति कूटनैतिक दृष्टिले एकदम अपरिपक्व र घातक छ । कुनै दबाबबिना स्वःस्फुर्त रूपले भारतको सीमा मिचेको नेपालले स्वीकार गरेको छ । जबकि यत्रतत्र भारतबाट मिचिएको सीमाबारे भारतले सधैं अस्वीकार गर्दै आएको छ ।

सीमाविवाद हुनु, मिचिनु, अतिक्रमित हुनु एउटा कुरा हो । औपचारिक रूपले स्वीकार गर्नु फरक कुरा हो । त्यो पनि भारतले समेत सार्वजनिक दाबी गर्न नसकेको विषयमा हामीले नै यत्तिकै स्वीकार गर्नु कस्तो होला!

हो खुला सीमामा नागरिक स्तरमा समेत केही भूमि दुबै तर्फबाट अतिक्रमित भएका होलान् ! केही गज या केही बिगाहा त्यो जमीन 'देशले मिचेको' होइन। तर कालापानीजस्ता क्षेत्र नागरिक स्तरको अतिक्रमण होइन, भारतले नै मिचेको हो! नागरिक अतिक्रमण र राजनैतिक अतिक्रमण फरक कुरा हुन् ।

नागरिक स्तरमा मिचिएको सीमा द्विपक्षीय समितिहरूले सुधार गर्दै आएका पनि छन्! कैयौं सीमास्तम्भ हेरफेर या नवीकरण भएको छ । कैयौं स्थानीय सीमाविवाद हल भइसकेका छन् । तर नेपालको मुख्य समस्या राजनैतिक तहकै अतिक्रमण हो । अब अन्तर्राष्ट्रिय नजरमा के देखिने भयो भने, नेपालको सीमा मिचिएको कुरा दाबीमात्रै हो ! तर नेपालले सीमा मिचेको चाहिँ सत्य हो ! अझ नक्सा नै बढाएर उपभोग नै नगरेको भूमिसमेत मिचेको दाबी भारतले सजिलै गर्न पाउने देखियो । यो गल्तीलाई स्वीकार गरौं । यसलाई सत्य साबित गर्न नलागौं । डोनाल्ड ट्रम्प शक्तिशाली देशका राष्ट्रपति हुन् । उनको अत्यन्त गैरजिम्मेबार र शून्य-कूटनैतिक भाषा पनि पाच्य हुन्छ तर हामी त्यो ठाउँमा छैनौं । हामी अत्यन्त सावधान र सचेत भएर बोल्न र चल्न पर्छ ।

सीमामुद्दाहरु संसदबाट हल भएका इतिहास नगण्य छन् । अझ त्यसलाई नागरिक बहसको विषय बनाएर कहिल्यै हल निस्किन्न ! यो द्विपक्षीय या आवश्यकता अनुसार अन्तर्राष्ट्रिय कूटनीति र सघन संवादबाटै हल हुने हो । द्विपक्षीय सम्बन्ध बिगारेर होइन, सुधारेरमात्रै यस्तो समस्या हल हुन्छ। सरकारले यस विषयमा संवेदनशील भएर, विज्ञहरूको राय र सहयोग लिएर अघि बढ्न जरूरी हुन्छ । विपक्षीहरूले पनि यसलाई राजनैतिक हल्ला नबनाई सरकारलाई सिर्जनात्मक सहयोग गर्नु आवश्यक हुन्छ । यत्रो वर्ष हल नभएको मुद्दा नयाँ सरकार आउनेबित्तिकै दुई महिनामैं जबाफ खोज्नु पनि एउटा गल्ती हो । चुच्चे नक्सा पनि आफैमा समाधान थिएन । त्यसलाई सीमामैं लागू गर्नु समाधान हो, जुन कुरा सजिलो नभएकैले तीनवटै दलले गर्न नसकेको सत्य हो ।

यो बदनियतवश आएको अभिव्यक्ति पक्कै होइन ! मानवीय गल्ती र अपरिपक्वताको परिणाम हो यो । मान्छेबाट गल्ती हुन्छ । प्रम पनि मान्छे नै हुन् । सरकारले नै यसलाई कूटनैतिक व्याख्या र अवतरण गरोस् । ड्यामेज कन्ट्रोलको उपाय गरोस् । प्रधानमन्त्रीले गल्ती स्वीकार गरेर यो हल्लालाई शान्त गर्ने प्रयास गरून्। प्रतिपक्षीले पनि यस्तो संवेदनशील मुद्दामा राजनीति गर्नुभन्दा समाधान र सेफल्याण्डिंग के हो त्यो विचार गरोस् । जति चर्को वादविवाद र बहस हुन्छ, त्यति नै ड्यामेज हुन्छ । यो राजनैतिक जीतहारको विषय होइन ।

## भानुमा एआई एक्स-रे शिविर ........

सहकार्य आगामी दिनमा पनि निरन्तर रहने बताएका छन् ।

स्वास्थ्यकर्मीहरूका अनुसार क्षयरोग नेपालमा अझै पनि चुनौतीपूर्ण संक्रामक रोगका रूपमा रहेको छ। समयमै पहिचान गरी उपचार प्रक्रिया सुरू गर्न सके संक्रमण फैलिन नदिन तथा बिरामीको स्वास्थ्य अवस्था सुधार गर्न महत्वपूर्ण सहयोग पुग्ने बताइएको छ।

विशेषज्ञहरूले समुदायस्तरमा नियमित स्क्रीनिङ, जनचेतना अभिवृद्धि तथा आधुनिक प्रविधिको प्रयोगमार्फत क्षयरोग नियन्त्रण अभियानलाई थप प्रभावकारी बनाउन सकिने बताएका छन्। ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन यस्ता शिविरले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४